बेनी नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः १०, बेनी, माघ १२ गते, २०८१ साल        अतिरिक्ताङ्कः ५

**भाग-२**

**बेनी नगरपालिका**

नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

मिति २०८१/१०/११ गते बसेको बेनी नगरपालिकाको नगर कार्यपालिकाले बेनी नगरपालिकाको उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गरेकाले सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## बेनी नगरपालिकाको उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावना**

बेनी नगरपालिका भित्र सञ्चालन गर्न सकिने कृषि तथा पशुपन्छिपालन व्यवसायलाई मर्यादित एवम् व्यवस्थित गर्दै युवाहरूलाई उत्पादनमा आकर्षित गरी स्वरोजगार प्रवर्द्धन मार्फत् युवाहरूको विदेश पलायनलाई न्यूनीकरण गर्दै नगरपालिकाको आर्थिक तथा सामाजिक रूपान्तरणमा टेवा पुऱ्याउने उद्देश्यले बेनी नगरपालिकाको विनियोजन ऐन, २०८१ (संसोधन सहित) को दफा ३ को उपदफा ४ ले दिएको अधिकार प्रयोग गरी मिति २०८१/१०/११ को नगर कार्यपालिका बैठकबाट "उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" स्वीकृत गरिएको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "**उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१**" हुनेछ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. **"कार्यालय"** भन्नाले बेनी नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्नेछ।

ख. **"वडा कार्यालय"** भन्नाले बेनी नगरपालिका अन्तर्गतका वडा कार्यालयहरूलाई सम्झनु पर्नेछ।

ग. **"शाखा"** भन्नाले बेनी नगर कार्यपालिकाको कार्यालयमा रहेको कृषि विकास शाखा र पशु सेवा शाखालाई सम्झनु पर्नेछ ।

घ. **"सेवा केन्द्र"** भन्नाले बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालन हुने कृषि तथा पशुपन्छी सेवा प्रसार कार्यको लागि कृषकहरूले सम्पर्क गर्ने फिल्ड स्तरमा रहेका ईकाइ कार्यालयलाई सम्झनु पर्नेछ।

ङ. **"प्रमुख"** भन्नाले बेनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको प्रमुखलाई सम्झनु पर्नेछ।

च. **"उपप्रमुख"** भन्नाले बेनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको उपप्रमुखलाई सम्झनु पर्नेछ।

छ. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बेनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ।

ज. **"शाखा प्रमुख"** भन्नाले बेनी नगर कार्यपालिकाको कार्यालय, पशु सेवा शाखा प्रमुख र कृषि विकास शाखा प्रमुखलाई सम्झनु पर्नेछ ।

झ. **"पशुपन्छी पालन व्यवसाय"** भन्नाले व्यवसायिक रूपमा पशुपन्छी पालन गरेका, पशुपन्छी जन्य वस्तुको उत्पादन, बजारीकरण गर्ने गरी स्थापना भएको व्यवसायलाई सम्झनु पर्नेछ ।

ञ. **"कृषि व्यवसाय"** भन्नाले व्यवसायिक रूपमा गरिएको तरकारीको उत्पादन, बजारीकरण गर्ने गरी स्थापना भएको व्यवसायलाई सम्झनु पर्नेछ ।

ट. **"अनुदान"** भन्नाले पशुजन्य (गाईभैसी र बाख्रा पालन) र तरकारी उत्पादन तथा बिक्री गरेबापत प्रदान गरिने नगद वा वस्तुगत सहयोगलाई सम्झनु पर्नेछ।

ठ. **"लाभग्राही"** भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कृषक/उद्यमीलाई सम्झनु पर्नेछ।

## परिच्छेद २

**३. <u>कार्यक्रम सञ्चालनका उद्देश्यहरू :</u>**

(१) यस कार्यविधिमा अन्यत्र उल्लेख भएकोमा बाहेक उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालनको उद्देश्य देहाय बमोजिम रहनेछ :

क. पशुजन्य पदार्थहरू (दुध, मासु) तथा कृषिजन्य (तरकारी) उत्पादनमा आवद्ध कृषकहरूको मनोबल उच्च राखी निजहरूको लगानी प्रबर्द्धन गर्नु ।

ख. किसानहरूलाई सहकारीमा आवद्ध गराई उत्पादित कृषि तथा पशुजन्य उपजहरूलाई सहकारी मार्फत् बजारमा विक्री गर्नुका साथै उपभोक्ता समक्ष उत्पादनको आदान प्रदान सेवा प्रदान गर्नु ।

ग. कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्ने साथै उत्पादन लागत घटाई गरिबी न्यूनिकरणमा टेवा पुऱ्याउनु।

घ. वैदेशिक रोजगारीबाट फर्केका तथा बेरोजगार युवाहरूलाई कृषि व्यवसायमा आकर्षित गर्नु ।

ङ. अनुदानलाई वितरणलाई प्रभावकारी, पारदर्शि र व्यवस्थित बनाउनु ।

**४. <u>उत्पादनमा आधारित अनुदान कार्यक्रमका क्षेत्रहरू :</u>**

(१) उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन हुने क्षेत्र देहायअनुसार हुनेछनः

क. पशुजन्य उत्पादन तर्फः

गाइभैसी पालन गरी दुध उत्पादन र बाख्रा पालन गरी पाठापाठी उत्पादन

ख. कृषिजन्य उत्पादन ( तरकारी) तर्फः

- काउली समूहः काउली, बन्दा, ब्रोकाउली
- फल बाली समूहः खुर्सानी, गोलभेडा, अकबरे खुर्सानी
- जरे बाली समूहः मूला, गाँजर,
- गानो बाली समूहः प्याज, लसुन

५. **<u>उत्पादनमा आधारित अनुदान कार्यक्रमका मापदण्डहरू :</u>** (१) दफा (४) बमोजिमको लगानीका क्षेत्र कार्य गरिरहेका वा वैदेशिक रोजगारीबाट फर्केका नागरिकहरूले देहाय बमोजिमको मापदण्ड पुरा गरेको पाइएमा यस कार्यक्रममा सहभागी गराइनेछ । साथै यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कृषकहरूले निरन्तर ३ आर्थिक बर्ष सम्म अनुदान प्राप्त गर्नेछन् तत्पश्चात अनुदान निरन्तरताको लागि कम्तिमा एक उद्यमी समूहमा स्तरीकृत भएको हुनुपर्नेछ । निरन्तर ३ आर्थिक बर्षमा अनुदान प्राप्त गर्ने लाभग्राही माथिल्लो उद्यमी समूहमा स्तरिकृत नभएमा उक्त लाभग्राहीलाई अनुदान उपलव्ध गराउन बाध्य हुने छैन ।

१. गाई भैसीपालन तर्फः

क. लघु उद्यमीः ३-४ वटा दुहुना गाई वा भैसी पालन गरी मासिक ५००-६०० लिटर सम्म दुध उत्पादन गरी व्यक्तिगत फर्म/समूह /सहकारी मार्फत् दुध बिक्री गरेको हुनुपर्नेछ ।

ख. साना उद्यमीः ५ - ८ वटा दुहुना गाई वा भैसी पालन गरी मासिक ७००-११०० लिटर दुध उत्पादन गरी व्यक्तिगत फर्म/समूह /सहकारी मार्फत् दुध बिक्री गरेको हुनुपर्नेछ ।

ग. मझौला उद्यमीः ९- १३ वटा दुहुना गाई वा भैसी पालन गरी मासिक १२०० -१४०० लिटर दुध उत्पादन गरी व्यक्तिगत फर्म/समूह /सहकारि मार्फत् दुध बिक्री गरेको हुनुपर्नेछ ।

घ. व्यवसायिक उद्यमीः १४ वटा वा सो भन्दा बढी दुहुना गाई वा भैसी पालन गरी मासिक १५०० लिटर भन्दा बढि दुध उत्पादन गरी व्यक्तिगत फर्म/समूह /सहकारि मार्फत् दुध बिक्री गरेको हुनुपर्नेछ ।

ङ. समूह/सहकारीको हकमा सामुहिक रूपमा एकै गोठमा पालन गरेको हुनुपर्नेछ ।

२. बाख्रापालन तर्फ

क. लघु उद्यमीः ८-१२ वटा माउ बाख्रापालन गरेको हुनुपर्नेछ ।

ख. साना उद्यमीः १३ देखि १९ वटा माउ बाख्रापालन गरेको हुनुपर्नेछ

ग. मझौला उद्यमीः २० देखि २९ वटा माउ बाख्रापालन गरेको हुनुपर्नेछ

घ. व्यवसायिक उद्यमीः ३० वटा वा सो भन्दा बढी माउ बाख्रापालन गरेको हुनुपर्नेछ ।

ङ. समूह/सहकारीको हकमा सामुहिक रूपमा एकै गोठमा पालन गरेको हुनुपर्नेछ ।

३. तरकारी खेती तर्फः

क. लघु उद्यमीः १ रोपनी खुल्ला क्षेत्र वा १०० वर्ग मिटर क्षेत्रफलमा संरक्षित संरचनमा (टनेल) तरकारी खेती गरी मासिक (औषत) १०० किलो भन्दा बढी तरकारी उत्पादन गरेको हुनुपर्नेछ ।

ख. साना उद्यमीः २ रोपनीमा खुल्ला क्षेत्र वा २०० वर्ग मिटर क्षेत्रफलमा संरक्षित संरचनमा (टनेल) तरकारी खेती गरी मासिक (औषत) २०० किलो भन्दा बढी तरकारी उत्पादन गरेको हुनुपर्नेछ ।

ग. मझौला उद्यमीः ४ रोपनीमा खुल्ला क्षेत्र वा ४०० वर्ग मिटर क्षेत्रफलमा संरक्षित संरचनमा (टनेल) तरकारी खेती गरी मासिक (औषत) ४०० किलो भन्दा बढी तरकारी उत्पादन गरेको हुनुपर्नेछ ।

घ. व्यवसायिक उद्यमीः ८ रोपनीमा खुल्ला क्षेत्र वा ८०० वर्ग मिटर क्षेत्रफलमा संरक्षित संरचनमा (टनेल) तरकारी खेती गरी मासिक (औषत) ८०० किलो भन्दा बढी तरकारी उत्पादन गरेको हुनुपर्नेछ ।

ङ. समूह/सहकारीको हकमा सामुहिक रूपमा निश्चित ठाउँमा खेती गरेको हुनुपर्नेछ ।

## परिच्छेद ३

## कार्यक्रम सञ्चालन प्रक्रिया

**६. सूचना प्रकाशन : (१)** सम्बन्धित आर्थिक बर्षको उत्पादनमा आधारित अनुदान कार्यक्रममा आबद्ध हुन इच्छुक कृषकहरूको लागि प्रत्येक आ.व. को पहिलो महिनामा व्यक्तिगत फर्म/समूह/सहकारी मार्फत् आवेदन माग सम्बन्धी १५(पन्ध्र) दिनको म्याद राखी कार्यालयले सूचना प्रकाशन गर्नेछ ।

**७. प्रस्ताव पेस गर्ने :**

(१) उपदफा (१) बमोजिम आवेदन अनुसूची ३ बमोजिमको ढाँचामा देहायका कागजात संलग्न राखी विद्युतीय माध्यमबाट समेत पेस गर्न सकिनेछ ।

क. बेहोरा खुलेको निवेदन (अनुसूची २ बमोजिमको)

ख. प्रस्तावना पत्र (अनुसूची ३ बमोजिमको)

ग. निवेदक लगायत अन्य साझेदार व्यक्तिहरूको नागरिकताको प्रतिलिपि

घ. सम्बन्धित वडा कार्यालयबाट विवरण खुलाइएको सिफारिस पत्र

ङ. पशुधनको सुरक्षाका लागि पशु बीमा गरिएको बीमालेखको प्रतिलिपि ।

च. बेनी नगरपालिकामा र अन्य सम्बन्धित निकायमा गरिएको व्यवसाय दर्ता, नविकरण, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

छ. लघु उद्यमीको हकमा वडा कार्यालयमा मात्र व्यवसाय दर्ता भएका कृषकहरू पनि समावेश हुन पाउनेछन् ।

ज. कुनै पनि सरकारी निकाय वा संस्थाको कालो सूचीमा नरहेको र पेस भएको प्रस्तावमा समावेश गरिएका सबै कागजात तथा विवरणहरू सत्य छन् भनी सम्बन्धित प्रस्तावकले स्व:घोषणा गर्नुपर्नेछ ।

**८. अनुदान तथा सेवा सुविधाहरू :**

उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी कृषकहरूलाई स्थलगत रूपमा फर्मको अनुगमन पश्चात तथ्याङ्क एकिन गरी सम्बन्धित वडा कार्यालयबाट प्रमाणीकरण भएपश्चात् निम्न बमोजिमका अनुदान तथा सेवा सुविधाहरू उपलब्ध गराईनेछ ।

क. लघु उद्यमीः यस वर्गका कृषकलाई प्रोत्साहन स्वरूप विवरण/कागजात तथा अनुगमनका आधारमा रू १५०००।(अक्षरेपी पन्ध्र हजार) सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

ख. साना उद्यमीः यस वर्गका कृषकलाई प्रोत्साहन स्वरूप विवरण/कागजात तथा तथा अनुगमनका आधारमा रू २५०००।(अक्षरेपी पच्चीस हजार) सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

ग. मझौला उद्यमीः यस वर्गका कृषकलाई प्रोत्साहन स्वरूप विवरण/कागजात तथा अनुगमनका आधारमा रू ३५०००।(अक्षरेपी पैंतीस हजार) सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

घ. व्यवसायिक उद्यमीः यस वर्गका कृषकलाई प्रोत्साहन स्वरूप विवरण/कागजात तथा अनुगमनका आधारमा रू ४५०००।(अक्षरेपी पैतालिस हजार) सम्म अनुदान प्रदान गर्न सकिनेछ ।

**९. <u>अनुदानको सीमाः</u>**

यस कार्यविधि बमोजिम अनुदान वितरण गर्दा कृषितर्फ कुनै १ क्षेत्र र पशुसेवा तर्फ कुनै १ क्षेत्र गरी अधिकतम दुई (२) क्षेत्रमा मात्र लाभग्राही कायम गर्न सकिनेछ ।

## परिच्छेद ४
## विविध

**१०. <u>कारबाहीको व्यवस्था :</u>**

(१) अनुदान प्राप्त गर्ने उद्देश्यले झुट्टा विवरण पेस गरेको, उद्देश्य अनुरूप कार्य नगरेको वा अनुदान दुरूपयोग गरेको प्रमाणित भएमा कार्यालयले त्यस्तो अनुदानग्राहीलाई कालो सूचीमा समावेश गरी अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

**११. <u>एकरूपता कायम गर्नेः</u>**

कृषि तथा पशु उत्पादनमा आधारित कार्यक्रम सञ्चालन गर्दा सबै वडा र विषयगत शाखाहरूले यसै कार्यविधि बमोजिम गर्नुपर्नेछ । साथै यस कार्यक्रम अन्तर्गत लाभान्वित हुने कृषकहरू दोहोरो नपर्ने सुनिश्चित गरेर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**१२. <u>अभिलेख राख्ने :</u>** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीको अभिलेख कार्यालयले राख्नेछ ।

**१३. <u>बाधा अड्काउ फुकाउने अधिकार :</u>** यस कार्यविधिमा उल्लिखित कुराहरूमा कुनै दुविधा भएमा सो को व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ । कार्यविधिमा उल्लेख भए बाहेकका अन्य विषयहरू प्रचलित कानुन बमोजिम हुनेछन ।

**१४. <u>कार्यविधिमा संशोधन :</u>** यस कार्यविधिमा उल्लेखित कुनै विषय संशोधन गर्नुपरेमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**अनुसूची १**

दफा ६ संग सम्वन्धित

उत्पादनमा आधारित अनुदान  कार्यक्रम सञ्चालनको लागि आवेदन पेस गर्ने सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति : २०८...../../..

यस बेनी नगरपालिका अन्तर्गत आ.व. २०.../.../... मा वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सञ्चालन गरिने उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागि ईच्छुक नगरपालिका भित्रका कृषक/कृषि फर्मले यो सुचना प्रकाशित भएका मितिले १५ (पन्ध्र) दिन भित्रमा तोकिएको ढाँचामा विवरण भरी  देहाय अनुसारको कागजातहरू र निवेदन सहित बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय (कृषि तथा पशु सेवा शाखा) मा निवेदन पेस गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ  ।

| **क्र स** | **अनुदानको क्षेत्र** | **साझेदारी अनुदान सहयोगका क्षेत्र** | **आवश्यक कागजात** | **कैफियत** |
|---|---|---|---|---|
| | | | क. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, | |
| २ | कृषि तथा पशु सेवा क्षेत्र | गाई भैसीपालन, बाख्रापालन तरकारी खेती, | ख. अनुसूची २ बमोजिमको निवेदनको ढाँचा<br>ग. अनुसूची ३ बमोजिमको कार्य योजना प्रस्तावना,<br>घ. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।<br>ङ. सम्बन्धित निकायमा गरिएको दर्ता प्रमाणपत्रको प्रतिलिपि | |

| | | | | |
|---|---|---|---|---|
| | | | च. करचुक्ता प्रमाण पत्रको प्रतिलिपि/ अडिट रिपोर्ट<br>छ. लघु उद्यमीको हकमा वडा कार्यालयमा व्यवसाय दर्ता र नविकरण प्रमाणपत्रको प्रतिलिपि मात्र | |

**थप जानकारीका लागि सम्पर्क**

बेनी नगरपालिका नगरकार्यपालिकाको कार्यालय बेनी, म्याग्दी

सम्पर्क नं. ०६९- ५२०१२०

ईमेलः benimunicipality@gmail.com, info@benimun.gov.np

वेबसाईटः www.benimun.gov.np

**अनुसूची-२**

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

**कार्यक्रम माग निवेदन**

मितिः ................................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बेनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बेनी, म्याग्दी।

**विषयः उत्पादनमा आधारित अनुदान कार्यक्रममा समावेश गरिदिनुहुन ।**

तहाँ कार्यालयको मिति..................... ...........मा प्रकाशित सूचना अनुसार उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागि बेनी नगरपालिका वडा नं ........निवासी ............................................. लाई अनुदान / प्रोत्साहन कार्यक्रममा समावेश गरिदिनुहुन आवश्यक कागजात सहित यो निवेदन पेस गर्दछु ।

निवेदक
दस्तखतः
नामः
ठेगानाः
सम्पर्क नं.
संस्थाको नामः
संस्थाको छाप

**अनुसूची- ३**

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

**व्यवसायको कार्य योजना प्रस्तावको ढाँचा**

**१. प्रस्तावकको व्यक्तिगत विवरण :**

क) नाम...............................

ख) ठेगाना

जिल्ला : बेनी न.पा/: बेनी वडा नं. : .............. टोल :..................

ग) संस्था/समूह तथा फर्मको नाम :..........................................................................

घ) स्थायी लेखा नम्बर :...........................................................................................

ङ) ठेगानाः फर्म/संस्था/समूह रहेको स्थानको

जिल्ला : बेनी न.पा/: बेनी वडा नं. : .............. टोल :..................

च) पारिवारीक विवरण :.

पुरूष : ................. महिला : .................... जम्माः........................

छ) सम्पर्कः........................................

ज) अन्य संस्था वा निकायबाट सहयोग प्राप्त गरेको भए सो रकम :................................................

**२. कार्य अनुभव भए उल्लेख गर्ने**

सम्वन्धित क्षेत्रको कार्यनुभव .......................वर्ष / महिना

**३. उद्यम तथा व्यवसायको हालको अवस्था :**

| **क्र.सं.** | **तरकारी बालीको नाम** | **जात** | **क्षेत्रफल** | **बाली लगाइएको मिति** | **उत्पादन लिने मिति** | **अनुमानित उत्पादन कि.ग्रा.** |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |

| **क्र.सं.** | **हालको व्यवसाय** | **पशु सख्या** | | | **कुल जम्मा पशु संख्या** | **वार्षिक उत्पादन** | **वार्षिक कुल अनुमानित आम्दानी (रू.)** |
|---|---|---|---|---|---|---|---|
| | | माउ भैसी /गाई | दुहुना गाई भैसी | पाडापाडी /वाच्छावाच्छी | | | |
| १. | | | | | | | |

| **क्र.सं.** | **हालको व्यवसाय** | **पशु सख्या** | | | **कुल जम्मा बाखा संख्या** | **वार्षिक उत्पादन** | **वार्षिक कुल अनुमानित आम्दानी (रू.)** |
|---|---|---|---|---|---|---|---|
| | | माउ बाखा | व्याड बोका | पाठापाठी | | | |
| १. | | | | | | | |

## अनुसूची- ४

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

**वडा कार्यालयको सिफारिस**

मितिः ................................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बेनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बेनी, म्याग्दी ।

**विषयः सिफारिस सम्बन्धमा ।**

तहाँ कार्यालयको मिति .................... ...........मा प्रकाशित सूचना अनुसार उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागि बेनी नगरपालिका वडा नं ........मा अवस्थित .......... ........................... ............................ फर्मलाई उत्पादनमा आधारित अनुदान/प्रोत्साहन (तरकारी/दुध /पाठापाठी) कार्यक्रममा समावेश गरिदिनुहुन सिफारिस साथ अनुरोध छ । साथै निजले उपलब्ध गराएको विवरणको आधारमा निवेदकको फर्ममा तपसिल अनुसारको पशुपन्छी सम्बन्धी विवरण भएको बेहोरा समेत जानकारीका लागि अनुरोध छ ।

तपसिलः

| **क्र.सं.** | **तरकारी बालीको नाम** | **जात** | **क्षेत्रफल** | **बाली लगाइएको मिति** | **उत्पादन लिने मिति** | **अनुमानित उत्पादन कि.ग्रा.** |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |

| **क्र.सं.** | **हालको व्यवसाय** | **पशु सख्या** | | | **कुल जम्मा पशु संख्या** | **वार्षिक उत्पादन** | **वार्षिक कुल अनुमानित आम्दानी (रू.)** |
|---|---|---|---|---|---|---|---|
| | | माउ भैसी /गाई | दुहुना गाई भैसी | पाडापाडी /वाच्छावाच्छी | | | |
| १. | | | | | | | |

| **क्र.सं.** | **हालको व्यवसाय** | **पशु सख्या** | | | **कुल जम्मा बाखा संख्या** | **वार्षिक उत्पादन** | **वार्षिक कुल अनुमानित आम्दानी (रू.)** |
|---|---|---|---|---|---|---|---|
| | | माउ बाखा | व्याड बोका | पाठापाठी | | | |
| १. | | | | | | | |

## अनुसूची- ५

(दफा ८ सँग सम्बन्धित)

## उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमको अनुगमनका लागि चेकलिष्ट (पशु सेवा तर्फ)

**१. प्रस्तावकको व्यक्तिगत विवरण :**

क) सञ्चालकको नाम..............................

ख) ठेगाना

ग) संस्था तथा फर्मको नाम :..........................................................................

घ) स्थायी लेखा नम्बर :................................................................................

ङ) पुरूष : .................      महिला : ...................          जम्मा:.......................

ज) व्यवसाय सञ्चालन भएको स्थान :............................................................

**२. कार्य अनुभव भए उल्लेख गर्ने**

सम्वन्धित क्षेत्रको कार्यनुभव .......................वर्ष / महिना

**३. संघीय प्रादेशिक तथा अन्य निकाय वाट सोहि वर्षमा अनुदान सुविधा .......................**

**४.उद्यम तथा व्यवसायमा देखिएको अवस्था :**

| क्र.सं. | हालको व्यवसाय | पशु सख्या | | | कुल जम्मा पशु संख्या | वार्षिक उत्पादन | वार्षिक कुल अनुमानित आम्दानी (रू.) |
|---|---|---|---|---|---|---|---|
| | | माउ भैसी /गाई | दुहुना गाई भैसी | पाडापाडी /वाच्छावाच्छी | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |

| क्र.सं. | हालको व्यवसाय | पशु सख्या | | | कुल जम्मा बाख्रा संख्या | वार्षिक उत्पादन | वार्षिक कुल अनुमानित आम्दानी (रू.) |
|---|---|---|---|---|---|---|---|
| | | माउ बाख्रा | व्याड बोका | पाठापाठी | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |

**अनुगमनकर्ता** १.

२.

३.

४.

**अनुसूची- ५**

(दफा ८ सँग सम्बन्धित)

**उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमको प्रथम अनुगमन फारम (कृषि तर्फ)**

**१. प्रस्तावकको व्यक्तिगत विवरण :**

क) सञ्चालकको नामः

ख) ठेगानाः

ग) संस्था तथा फर्मको नाम र ठेगानाः

घ) स्थायी लेखा नम्बर

ङ) पारिवारिक विवरणः पुरूषः महिलाः जम्माः

ज) व्यवसाय सञ्चालन भएको स्थान :

झ) सम्पर्क नम्बरः

**२. कार्य अनुभव भए उल्लेख गर्ने**

सम्वन्धित क्षेत्रको कार्यनुभव .......................वर्ष / महिना

**३. संघीय प्रादेशिक तथा अन्य निकाय वाट सोहि वर्षमा अनुदान सुविधा ........................**

**४.उद्यम तथा व्यवसायमा देखिएको अवस्था :**

| क्र.सं. | तरकारी बालीको नाम | जात | क्षेत्रफल (रो-आ-पै-दा) वा टनेल संख्या | बाली लगाउने महिना | उत्पादन लिने महिना | अनुमानित उत्पादन कि.ग्रा. |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |

**अनुगमनको क्रममा देखिएको अवस्था**

सुझावहरू :

अनुगमन मिति :.............................

**अनुगमनकर्ता १.**

**२.**

**३.**

**अनुसूची- ५**

(दफा ८ सँग सम्बन्धित)

## उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमको अन्तिम अनुगमन फारम (कृषि तर्फ)

**१. प्रस्तावकको व्यक्तिगत विवरण :**

क) सञ्चालकको नामः

ख) ठेगानाः

ग) संस्था तथा फर्मको नामः

घ) स्थायी लेखा नम्बरः

ङ) पुरूषः महिलाः जम्माः

ज) व्यवसाय सञ्चालन भएको स्थानः

झ) सम्पर्क नम्बरः

ञ) बैक खाता नाम र नम्बरः

**२. संघीय प्रादेशिक तथा अन्य निकाय वाट सोहि वर्षमा अनुदान सुविधा ........................**

**३.उद्यम तथा व्यवसायमा देखिएको अवस्था :**

| **क्र.सं.** | **तरकारी बालीको नाम** | **जात** | **क्षेत्रफल (रो-आ-पै-दा) वा टनेल संख्या** | **अनुमानित उत्पादन कि.ग्रा.** |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

अनुमानित उत्पादन बाली कटानीलाई आधार मानि राखिएको छ ।

अनुगमन मितिः

**अनुगमनकर्ता**

१.

२.

३.

**अनुसूची- ६**

(दफा ८ सँग सम्बन्धित)

कृषकले भर्ने

तरकारी बालीको अभिलेख फारम

| | | |
|---|---|---|
| खेती गरिएको तरिका | टनेल | |
| | खुला | |
| खेती गरिएको क्षेत्रफलः | | |
| रोपेको मितिः | | |

कृषकको नामः

ठेगानाः

बाली लगाएको स्थानः

बालीको नामः

बालीको जातः

प्रथम पटक टिपेको मितिः

| महिना | टिपाई मिति तथा परिमाण | | | | | | | | | | | | महिनाको जम्मा परिमाण (कि.ग्रा.) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मिति | परिमाण (कि.ग्रा.) | मिति | परिमाण (कि.ग्रा.) | मिति | परिमाण (कि.ग्रा.) | मिति | परिमाण (कि.ग्रा.) | मिति | परिमाण (कि.ग्रा.) | मिति | परिमाण (कि.ग्रा.) | |
| वैशाख | | | | | | | | | | | | | |
| जेठ | | | | | | | | | | | | | |
| असार | | | | | | | | | | | | | |
| श्रावण | | | | | | | | | | | | | |
| भाद्र | | | | | | | | | | | | | |
| असोज | | | | | | | | | | | | | |
| कार्तिक | | | | | | | | | | | | | |
| मंसिर | | | | | | | | | | | | | |
| पौष | | | | | | | | | | | | | |
| माघ | | | | | | | | | | | | | |
| फागुन | | | | | | | | | | | | | |
| चैत्र | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | कुल जम्मा | |

सम्पर्क नः

दस्तखतः

**आज्ञाले,**

**अर्जुन शर्मा**

**प्रमुख प्रशासकीय अधिकृत**